भाग २

स्थानीय सरकार

| परशुराम नगरपालिकाद्वारा प्रकाशित |
|---|
| खण्ड ६ संख्या १३ मिति २०८०/०९/२६ |
| जोगबुडा,डडेल्धुरा,सुदूरपश्चिम प्रदेश,नेपाल |

## वालविकास केन्द्रको व्यवस्थापन सम्बन्धी कार्यविधी २०७७ लाई संसोधन गर्न बनेको कार्यविधी

**प्रस्तावनाः** परशुराम नगरपालिकाको वालविकास केन्द्रको व्यवस्थापन सम्बन्धी कार्यविधी २०७७ लाई संसोधन गर्न वाञ्छनीय भएकाले,

परशुराम नगरपालिका नगरकार्यपालिकाको मिति २०८०।९।२१ गते बसेको वैठकले यो कार्यविधी बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधीको नाम वालविकास केन्द्रको व्यवस्थापन सम्बन्धी (पहिलो संसोधन) कार्यविधी २०७७ रहेको छ।

२. यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ।

**दफा ६ : (पहिलो संसोधनमा थप गरिएको)**

३. वालविकास शिक्षकको न्यूनतम शैक्षिक योग्यता कक्षा १२ वा सो सरह उत्तीर्ण भएको हुनेछ। वालविकास शिक्षकको परीक्षाको पाठ्यक्रम नगरकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

४. वालविकास शिक्षकको उमेर साठी वर्ष पुरा भएपछि निजलाई विद्यालय सेवाबाट अनिवार्य अवकास दिइनेछ।

**दफा ८ः (पहिलो संसोधनमा थप गरिएको)**

८(१) नगरपालिकामा पुलमा रहेका बालविकास कोटालाई नगरपालिका अन्तर्गतका शिक्षक विद्यार्थी अनुपातमा शिक्षक संख्या अभाव रहेका विद्यालयहरुमा आवश्यकतानुसार बालविकास कोटा कायम

गरी प्राथमिक शिक्षक सरह न्युनतम योग्यता र काम कर्तव्य रहने गरी प्रचलित नियमानुसार शिक्षक नियुक्त गरिनेछ ।

८(२) यसरी नियुक्त बालविकास शिक्षकले नेपाल सरकारले तोकेको नियमानुसार सेवा सुविधा प्राप्त गर्नेछ र सम्बन्धित विद्यालयले आवश्यकतानुसार शिक्षकको सेवा सुविधा थप गर्न सक्नेछ ।

प्रमाणीकरण मिति: २०८०/०९/२५

आज्ञाले

कृष्णदेव जोशी

प्रमुख प्रशासकीय अधिकृत